मिति: २०८२/३/४ (बुधबार)

बैठक संख्या: ६२ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : दिनको ११.३० बजे

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६२ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | चेतनाथ अर्याल | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |
| | | **सहजकर्ता कर्मचारी** | | |
| १ | कार्यक्रम अधिकृत | | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल

नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/३/४ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८२/३/४ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाको सम्बन्धमा।
२. आ.व.२०८२/८३ को नीति, कार्यक्रम र बजेटका सम्बन्धमा ।
३. आय-व्यय विवरण सम्बन्धमा ।
४. आर्थिक विधेयक २०८२ को सम्बन्धमा ।
५. विनियोजन विधेयक २०८२ को सम्बन्धमा ।
६. नगरस्तरीय/वडास्तरीय तथा सशर्ततर्फका कार्यक्रमको सम्बन्धमा ।
७. नगर सभा अधिवेशनको व्यवस्थापन सम्बन्धमा ।
८. आयोजना/कार्यक्रम संशोधन/ब्रेकडाउन सम्बन्धमा (वडा नं ७,५,९,८)
९. भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा । (धुरपुरे-दिहीथोक-बिम्दा-बाखेजगत सडक)
१०. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा ।
११. १० नं वडा कार्यालय निर्माण सम्बन्धमा
१२. विविध

- कृषि सहकारी संस्थाको घरभाडा सम्बन्धमा
- सूचना प्रकाशन सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८२/२/२७ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा छलफल गरियो ।

**निर्णय नं.२: आ.व.२०८२/८३ को नीति, कार्यक्रम र बजेटका सम्बन्धमा ।**

योजना तर्जुमाका विभिन्न चरणहरुमा तथा विभिन्न माध्यमबाट प्राप्त भएका सकारात्मक सुझावहरुलाई समेत ग्रहण गरी तयार गरिएको अनुसूची-१ वमोजिमको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट पारित गरी २०८२/३/९ गतेको सत्रौं नगरसभा अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ : आय व्यय विवरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आ.व. २०८०/८१ को यथार्थ आय, आ.व. २०८१/८२ को प्रस्तावित र संशोधित आयका साथै आ.व. २०८२/८३ को अनुमानित आय-व्यय विवरण (अनुसूची-२ वमोजिमको) स्वीकृत गरी नगरसभाको सत्रौं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/३/४ को बैठक

निर्णय नं.४: आर्थिक विधेयक २०८२ को सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ मा राजश्व संकलन गर्ने, राजश्वका दर तथा शुल्कहरु हेरफेर गर्ने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धी कानूनलाई अद्यावधिक गर्नको लागि ल्याइएको अनुसूची -३ वमोजिमको बेसीशहर नगरपालिकाको आर्थिक विधेयक,२०८२ नगरसभाको सत्रौं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.५: विनियोजन विधेयक २०८२ को सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को लागि सञ्चित कोषबाट खर्च गर्ने तथा एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक-२०८२ (अनुसूची-४ वमोजिमको) नगरसभाको सत्रौं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.६: नगरस्तरीय/वडास्तरीय तथा सशर्ततर्फका कार्यक्रमको सम्बन्धमा ।

आ.व. २०८२/८३ को नगरसभाबाट पारित गरिने आयोजना तथा कार्यक्रमका साथै सशर्ततर्फका कार्यक्रमहरुको सम्बन्धमा संघीय र प्रदेश सरकारको वार्षिक कार्यक्रम समेत राम्रो अध्ययन गरी असार ९ गते पश्चातको कार्यापालिका बैठकमा आवश्यक छलफल गरी निश्कर्षमा पुग्ने र सो कार्यपालिका बैठक पश्चात हुने सत्रौं नगरसभा अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.७: नगर सभा अधिवेशनको व्यवस्थापन सम्बन्धमा ।

सत्रै नगरसभा अधिवेशनलाई व्यवस्थित रुपमा सम्पन्न गराउनको लागि अधिवेशनस्थलमा गर्नुपर्ने व्यवस्थापकीय कार्यहरुको लागि वडाध्यक्ष श्री गंगा बहादुर थापा र कार्यपालिका सदस्य/प्रवक्ता श्री हिरालाल विश्वकर्मालाई प्रमुख प्रशासकीय अधिकृतसंग आवश्यक समन्वय गर्ने गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.८: आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

देहायः

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७ | १० लाख ५६ हजार ५७५ | १.१जनविकास मावि चण्डीडाँडा आइ सि टी सपोर्ट, बेनपा-७<br>१.२युनिभर्सल चोकबाट बन्धोक नाला सरसफाई, बेनपा-७<br>१.३ मल्टिमेडिया प्रोजेक्टर खरिद, बेनपा-७ | ३० हजार<br>२० हजार<br>५४ हजार |
| २.बालमैत्री वडा घोषणा कार्यक्रम, बेनपा-५ | ४ लाख | २. बालमैत्री वडा घोषणाका सूचकहरु पुरा गर्ने सम्बन्धी | ४ लाख |

गुमानि सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/३/४ को बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | विभिन्न कार्यक्रम, बनेपा-५ | |
| ३.लक्षित वर्ग तथा विविध कार्यक्रम, बेनपा-९ | ६ लाख १७ हजार ९३१ | ३.महिला सञ्जाल अवलोकन भ्रमण, बेनपा-९( मूलबारी सामुदायिक वन वृक्षारोपण शिर्षक संशोधन गरी भएको) | ५० हजार |
| ४.विविध फुटकर, बेनपा-८ | २ लाख ७७ हजार २५३ | ४.जनजाति तथा दलित सीप विकास कार्यक्रम, बेनपा-८ (अपुग रकम थप) | ३० हजार |

## निर्णय नं.९: भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा ।

कार्यालयद्वारा ठेक्का बन्दोबस्त भई कार्यान्वयनको क्रममा रहेको धुरपुरे- दुइथोक- बिम्दा- बाखेजगत सडक स्तरोन्नति कार्य (ठेक्का नं. Besishaharmun/Works/NCB/05/079/80) मा निर्माण व्यवसायी श्री Krischal-Santosh JV सँग मिति २०८०/०१/१४ मा रु ७,८३,९४,५६५.५(मु.अ कर र पी.एस बाहेक) मा भएको सम्झौताअनुसार निर्माण कार्यन्वयनको क्रममा भारि बर्षातको कारणले बाढी तथा पहिरो, सडकको स्थलगत अवस्थामा परिवर्तन, भू सुरक्षाको आवश्यकता तथा अन्य कारणहरूले जंगल खोल्सी क्षेत्रमा निर्माण गरिएको पाईप कल्भर्ट सहित सडकको आधा चौडाई बगाएको हुँदा ग्याबिन वाल लगाई संरक्षण गर्नुपर्ने देखिएको, विभिन्न ठाउँहरूमा माटो थाम्न र पहिरो रोक्न थप ब्रेस्टवाल तथा रिटेनिङवाल निर्माण गर्नुपर्ने देखिएको साथै कम्प्याक्सन गर्दा छेउतिरको फुस्रो माटो खस्दा पेवमेन्ट लेयर खुला भएकोले थप पर्खाल (ग्याबिन र मेसनरि पर्खाल) आवश्यक देखिएको हुँदा केही संरचनाहरू (ग्याबियन, रिटेनिङ वाल आदि) को परिमाणमा वृद्धि भएको, केही थप कार्यहरु गर्नुपरेको र केही कामहरुको परिमाण घटबढ हुने देखिएको हुँदा संशोधित सम्झौता रकम रु ७,८०,५८,८५१.६२ (भ्याट र पी.यस बाहेक) र घटी रकम रु ३,७९,३५६.६९(भ्याट र पी.यस सहितको ) (-०.४२% ) कायम भएको देखिएको छ। संशोधित लागत स्वीकृत बजेटको सीमा भित्र नै रहेकाले उक्त भेरियसन आदेश स्वीकृत गरी सो अनुसारको कार्य अघि बढाउने निर्णय गरियो।

## निर्णय नं.१० : प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा ।

बेसीशहर नगरपालिका क्षेत्रभित्र रहेका नदीहरुबाट नदीजन्य पदार्थ र अन्य क्षेत्रबाट निस्कने ढुंगा, ग्राभेल उत्खनन् तथा संकलनको लागि प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) प्रतिवेदन तयार गर्नको लागि छनौट भएको Greenwich Enviromental and Engineering Consultant Pvt.Ltd (GEEC) संग मिति २०८२/१/३१ मा सम्झौता भई मिति २०८२/२/१ मा पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची २०८२/२/९ मा स्वीकृत भई प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृतिको लागि २०८१/२/२७ गते कार्यालयमा पेश हुन आएकोमा यस बेसीशहर नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा ७ मा पेश भएको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरप्रमुख समक्ष पेश

गुमान सिंह अर्याल
नगर प्रमुख

गरी प्रमुखले आवश्यक जाँचबुझ, अध्ययन, विश्लेषण तथा पुनरावलोकनको लागि प्राविधिक समितिमा पठाई पेश भएको मितिले १५ दिनभित्र स्वीकृत गर्नुपर्ने व्यवस्था अनुरुप प्राविधिक समितिलाई मिति २०८२/२/२८ मा राय पेश गर्न लेखिएकोमा प्राविधिक समितिबाट पेश भएको सकारात्मक राय समेतको आधारमा यस बैठकमा प्रस्तुतीकरण भई विस्तृत छलफल हुँदा उक्त अन्तिम प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.११: १० नं वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।</u>

गण्डकी प्रदेश सरकारले जारी गरेको ***स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड, २०८१*** वमोजिम आर्थिक मामिला मन्त्रालय पोखराबाट मिति २०८१/८/३० मा प्रकाशित प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार बेसीशहर नगरपालिकाबाट १० नं वडा कार्यालय भवन निर्माणको लागि प्रस्ताव पेश भएको र उक्त प्रस्ताव स्वीकृत भई सो मन्त्रालय र बेसीशहर नगरपालिका विच मिति २०८१/१२/१४ मा सम्झौता भए वमोजिम प्रदेश सरकारको तर्फबाट रु.२७ लाख व्यहोर्ने र सो रकम उक्त लागत साझेदारी मापदण्डको दफा ५ (ख) वमोजिम कुल लागतको ४० % कायम हुने हुँदा यस भवन निर्माणको कुल लागत अनुमान रु. ६७ लाख ५० हजार कायम हुने गरी चालु आ.व.भित्रै भवन निर्माणको लागि सेवा खरिद प्रक्रिया अघि बढाउने साथै नगरपालिकाबाट व्यहोरिने रकम रु. ४० लाख ५० हजार यसै नगरसभा अधिवेशनबाट विनियोजन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.१२: कृषि सहकारी संस्थाको सटर भाडा सम्बन्धमा ।</u>

नगरपालिकाकको कृषि एम्बुलेन्स मार्फत गाउँका स्थानीय कृषि उत्पादनहरु खरिद गरी बेसीशहर बजारमा ल्याई विक्री गर्नको लागि कृषि एम्बुलेन्स सञ्चालन गर्ने सहकारी संस्थाले बेनपा-८ ठाडोलाइनमा २०८१ फागुन १ गतेबाट मासिक रु. २५,५००/ का दरले सटर तथा कोठाहरु भाडामा लिएको हुँदा चालु आ.व.को ५ महिनाको सम्पूर्ण भाडा रकमको ५०% बराबर हुन आउने रकम रु. ६३,७५०/- बेसीशहर नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

<u>निर्णय नं.१३: सूचना प्रकाशन सम्बन्धमा ।</u>

स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन) २०७९ वमोजिम आगामी आर्थिक वर्षदेखि लागु हुने गरी तह बृद्धि हुन आवश्यक शर्त, योग्यता र अवधी पुरा भएका कर्मचारीहरुको लागि आवेदन पेश गर्ने सम्बन्धी नियमानुसार सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख